# कटारी नगरपालिका
Katari Municipality
# नगर कार्यपालिकाको कार्यालय
Office of Katari Municipal Executive
कटारी, उदयपुर
Katari, Udayapur
स्था. २०७१

१ नं. प्रदेश नेपाल
Province No. 1, Nepal
EST. 2071


पत्र संख्या (Ref.No) :–०७७/०७८
चलानी नं.(Dispatch No.) :–

मिति (Date) :- २०७७/०७/२८

## अत्यन्त जरूरी सूचना ।

विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसबाट हुने कोभिड-१९ को सङ्क्रमण यस कटारी नगरपालिकामा पनि दिन प्रतिदिन बढ्दै गइरहेकोले समुदायमा फैलिएर विषम परिस्थिति सिर्जना हुन सक्ने र बढ्दै गइरहको चिसो मौसममा यसको प्रकोप अझ बढ्ने भएकोले आउँदै गरेको शुभ-दिपावली तथा छठ पर्वजस्ता चाडबाडमा हुने देउसी भैली, नाँचगान, सामूहिक भेला, पूजा, विभिन्न स्थानहरूमा हुने खेलकुद तथा मेला, पोखरी, खोला, तलाउमा हुने पूजापाठ, उत्सव जस्ता कार्य नगर्न तथा नगराउनहुन सम्पूर्ण नगरवासीहरूलाई अनुरोध छ । साथै चाडवाडको समयमा जुवातास खेल्ने खेलाउने कार्यहरू गर्ने समेत पूर्ण निषेध गरिएको छ । उल्लेखित निर्देशन तथा निषेधाज्ञा उल्लङ्घन गरेको पाइएमा कानून बमोजिम कारबाही हुने व्यहोरा सम्पूर्ण नगरवासीहरूको जानकारीको लागि सूचना जारी गरिएको छ ।

आउँदै गरेको शुभ दिपावली, छठ, म्हपूजा, ठूलो एकादशी पर्वको शुभ अवसरमा सम्पूर्ण कटारी नगरवासीहरूमा सु-स्वास्थ्य तथा दिर्घायूको कामना गर्दै उक्त पर्व आफ्नो घर परिवारबीच मात्र खुसीसाथ मनाउन हुन हार्दिक अनुरोध गर्दछौ ।

कोरोना भाइरसको जोखिमबाट आफू पनि बचौ र अरूलाई पनि बचाँऔ ।

भीम कुमारी राउत
नगर उप-प्रमुख

उप प्रमुख
भीम कुमारी राउत